**बारुदी सुरुङ अनुगमन २०२१**

**मुख्य परिणामहरु**

**बारुदी सुरुङ प्रतिवन्ध सन्धीको स्थिति**



Photo Source: © Gwenn Dubourthoumieu/HI, November 2020

*[ बिश्वका सरकारहरु र नागरिकहरुको संयुक्त प्रयासमा हरेक बर्ष बारुदी सुरुङ अनुगमन प्रतिवेदन प्रकाशित गर्ने गरिएकोछ । यसले विश्वभरमा बारुदी सुरुङको अबस्था बारे बिस्तृत चित्र प्रस्तुत गर्दछ । प्रतिवेदनमा उल्लेखित मुख्य मुख्य बुँदाहरुलाई सारांसको रुपमा प्रकाशित गरिएको दस्तावेजलाई नेपालका नीति निर्माताहरुको निम्ति पनि सहज बनाउन नेपाली भाषामा अनुवाद गरिएकोछ । अंग्रेजी भाषालाई नेपालीमा उल्था गर्दा अर्थ अस्पष्ट नहोस भन्ने हेतुले कतिपय शव्दहरुलाई अंग्रेजी मै र कतिपयलाई भावार्थ अनुबाद गरिएकोछ । अंग्रजी भाषाको मूल कपि यसैसाथ रहेकोछ । Major Findings | Reports | Monitor (the-monitor.org):- पूर्णशोभा चित्रकार, अनुवादक ]*

१६४ वटा राष्ट्रहरुले बारुदी सुरुङ प्रतिवन्ध सन्धीको अनुमोदन गरिसकेकाछन् । मार्सल आईलायण्ड्सले भने सन्धीमा सही गरेतापनि अनुमोदन गरेको छैन ।

हालको तीन बर्ष लगत्तैमा सन्धीको विश्वव्यापीकरण र पूर्ण लागू गर्ने संयुक्त राष्ट्रसंघ साधारण सभामा आव्हान गरिएको प्रस्तावको पक्षमा १६९ राष्ट्रहरुले मतदान गरेका थिए, जसमा ११ वटा हस्ताक्षर नगरेका राष्ट्रहरु पनि थिए ।

प्रस्तावको बिपक्षमा कसैले पनि मतदान गरेनन्, जबकि राज्यपक्ष पलाउ र जिम्बाबे लगायत १७ राष्ट्रहरुले कुनै पक्षमा मतदान दिएनन् ।(abstained)

## प्रयोग

सन् २०२० को मध्यदेखि २०२१ को अक्टोवर सम्ममा बारुदी सुरुङ अनुगमनले राज्यपक्ष नबनेको राष्ट्र म्यायनमारको सरकारी शक्तिले मानव विरुद्ध लक्षित बारुदी सुरुङ प्रयोग गरेको ठहर गरेकोछ ।

सन् २०२० को अन्तमा व्दन्दको समयमा नागोर्नो काराबाखमा बारुदी सुरुङ प्रयोग गरेको केहि संकेतहरु मिलेकोछ, तर त्यसको नयाँ प्रयोगको बारेमा सुनिश्चितता गर्न वा खास विद्रोही पक्षलाई जिम्मेवार ठहर्याउन सम्भव भएको छैन ।

गैर राज्य शसस्त्र समूह गत छ महिनाको प्रतिवेदनको समय विच अफगानिस्तान, कोलम्बिया, भारत, म्यानमार, नाईजेरिया र पाकिस्तानमा बारुदी सुरुङ प्रयोग भएको थियो ।

गैर राज्य सशस्त्र समूहहरुले क्यामरुन, ईजिप्ट, नाईजर, फिलिपिन्स, थाईलायण्ड, ट्युनिशिया र भेनेजुयलामा केहि मात्रामा बारुदी सुरुङ प्रयोग गरेको सम्वन्धमा प्रमाणित नभएका प्रतिवेदनहरु पेश भएकाछन् ।

## भण्डारन नष्ट र माईन राखिएको

बारुदी सुरुङ प्रतिवन्ध सन्धीका राज्यपक्षहरुले सन् २०२० मा नष्ट गरिएका १ लाख ६ हजार ५ सय समेत गरी भण्डारनमा भएको ५ करोड ५ लाख माईन नष्ट गरेकाछन् ।

सन् २०२१ मा श्रीलंकाले भण्डारनमा भएका भण्डारन नष्ट सम्पन्न गरेदेखि संसारमा भण्डारनको पूर्ण नष्ट गरेका मुलुकहरुको संख्या ९४ पुगेकोछ ।

ग्रीस र यूक्रेनले सन्धीको अवहेलना गर्दै दुबैले भण्डारन नष्ट गर्ने समय सीमा (क्रमशः २००८ र २०१०) काटेकाछन् ।

यी दुई राज्यपक्षहरुले कूल ३० लाख ६० हजार बारुदी सुरुङ नष्ट गर्न बाँकी रहेकोछ । (यूक्रेन ३० लाख ३० हजार र ग्रीस ३ लाख, ४३ हजार ४१३)

६३ वटा राष्ट्रहरुले दिएको प्रतिवेदन अनुसार कूल १ लाख ३५ हजार भन्दा बढी मानव लक्षित बारुदी सुरुङ तालिम र अनुसन्धानका लागि राखेका छन्, जसमध्ये ३० राष्ट्रसंग प्रत्येकले १००० वटा भन्दा बढी माईन राखेकाछन् ।

चिलीले राखेका बाँकी भएका माईनहरु प्रतिवेदन समयमा नष्ट गरेकोछ ।

बुरुण्डी, केपभर्द, जिबुटी, नाईजेरिया, ओमान, सिनेगल र टोगो गरी यी सात राष्ट्रहरु बाध्यात्कारी बनेको समयदेखि सन्धीले अनुमति दिए अनुसारको प्रयोगमा माईनहरुको उपयोग भएको प्रतिवेदन दिएका छैनन् ।

## उत्पादन

अनुगमनले चीन, क्यूबा, भारत, ईरान, म्यानमार, उत्तर कोरिया, पाकिस्तान, रुस, सिंगापूर, दक्षिण कोरिया, संयुक्त राष्ट्र अमेरिका र भियतनाम गरी १२ वटा राष्ट्रहरुलाई उत्पादकको रुपमा पहिचान गरेकोछ । यो स्थिति विगतको प्रतिवेदन भन्दा परिवर्तन भएको छैन ।

रुस र अमेरिका दुवैले बारुदी सुरुङको नयाँ प्रविधिको विकास गरिरहेकाछन् । यी प्रविधिहरु मूल रुपमा सवारी साधन विरुद्ध लक्षित माईनमा केन्द्रित भएतापनि पीडितव्दारा परिचालित हुने बिष्फोटक तत्वहरु पनि समावेश रहेकाछन् ।

रुसले कम्तिमा सन् २०१५ देखि पीओएम(३ नामको नयाँ किसिमका मानवलक्षित बारुदी सुरुङको विकास गरेकोछ, जुन भूकम्पनव्दारा परिचालित हुने गर्दछ ।

## मृत्यु तथा घाईतेहरु

सन् २०२० घरेलु बिष्फोटक पदार्थ, ल्कस्टर बम र अन्य व्दन्दका बिष्फोटक अवशेषहरु लगायत माईनबाट मृत्यु र घाईते हुनेहरुको संख्या क्रमशः तीब्र रुपले बृद्धि भएको छैठौं बर्ष हो । व्दन्द र प्रभावित क्षेत्रहरु बढेसंगै मृत्यु तथा घाईतेहरुको कूल संख्यामा लगातार बृद्धि भएको अभिलेख हुन थालेको हो ।

सन् २०२० मा कम्तिमा पनि ७ हजार ७३ व्यक्तिहरु माईन वा व्दन्दका बिष्फोटक अवशेषहरुबाट मृत्यु र घाईते भएको अभिलेख गरिएकोछ । त्यसमा २ हजार ४९२ को मृत्यु र ४ हजार ५६१ घाईते भएकाछन्, २० जना पीडितहरुको स्थितिबारे अनभिज्ञ रहिआएकोछ ।

सन् २०१९ मा अभिलेख भएको मृत्यु र घाईतेहरुको संख्या ५ हजार ८२३ भन्दा सन् २०२० मा बढेकोछ । यो संख्या सन् २०१३ मा बार्षिक अभिलेख (३,४५६) भन्दा दोब्बर भन्दा बढी छ ।

जानकारीमा आए अनुसार माइन र व्दन्दका बिष्फोटक अवशेषहरुबाट अत्याधिक बहुसंख्यक (८० प्रतिशत) मृत्यु र घाईते हुनेहरुमा सर्वसाधारणहरु रहेकाछन् ।

जानकारीमा आए अनुसार सन् २०२० मा मृत्यु र घाईते हुनेमा सर्वसाधारणहरुका बालबालिकाहरुका

गत बर्षहरुमा झै सन् २०२० मा पनि मृत्यु र घाईतेहरुको संख्या अत्याधिक रुपमा (८५ प्रतिशत) पुरुष र बालकहरु रहेकाछन् ।

सन् २०२० मा बारुदी सुरुङ प्रतिबन्ध सन्धीका राज्यपक्ष बनेका ३८ राष्ट्रहरु लगायत ५४ मुलुकहरु र अन्य क्षेत्रमा मृत्यु र घाईतेहरु भएको पत्ता लागेकोछ ।

सन्धीमा हस्ताक्षर नगरेको राष्ट्र सिरियामा सन् १९९९ को अनुगमन प्रतिवेदन शुरु भएदेखि बार्षिक मृत्यु र घाईतेहरुको संख्या सबैभन्दा धैरै रहेकोछ ।(२,७२९)

सन् २०२० मा अफगानिस्तान, बुर्किनोफासो, कोलोम्बिया, ईराक, माली, नाईजेरिया, यूक्रेन र यमनमा मृतक र घाईतेको संख्या सय नाघेको पुष्टी भएकोछ ।

## प्रदूषित

सन् २०२१ को अक्टोवर सम्ममा कम्तिमा ६० मुलुकहरुमा मानव विरुद्ध लक्षित बारुदी सुरुङबाट प्रदूषित बनेको पाईएकोछ । यसमध्ये ३३ मुलुकहरुले सन्धीको धारा ५ अन्तर्गत बाध्यात्कारी बनेको घोषणा गरिसकेकाछन् । यस बाहेक २२ राज्यपक्ष नबनेका राष्ट्रहरु र अन्य पाँच क्षेत्रहरु प्रदुषित क्षेत्रको रुपमा उल्लेखित छन् ।

मानव लक्षित बारुदी सुरुङ ल्कियरेन्स गरेको प्रतिवेदन दिईसकेका राज्यपक्ष राष्ट्रहरु गिनी बिसाउ, मौरीतानिय र नाईजेरियामा फेरि पनि नयाँ संक्रमण देखिएकोछ र यस लगत्तै धारा ५ अन्तर्गतको समय सीमा विस्तारको लागि अनुरोध पठाएकाछन् ।

यस बाहेक अल्जेरिया, कुवेत, मोजाम्बिक र नाईजेरिया गरी राज्यपक्ष बनेका ४ राष्ट्रहरुमा बिष्फोटक अबशेषहरुले प्रदूषित भएको शंका वा पुष्टी भएकोछ र राज्यपक्ष राष्ट्रहरु बुर्किनोफासो, क्यामरुन, माली, ट्यूनिशिया र भेनेजुयलाले शंकास्पद स्थानहरु वा घरेलु बिष्फोटक पदार्थहरुबाट प्रदूषित क्षेत्रहरुको बारेमा जानकारी दिनु पर्ने भएको छ ।

अफगानिस्तान, बोस्निया हर्जगोबिना, कम्बोडिया, क्रोएशिया, ईथियोपिया, इराक, टर्की, यूक्रेन र यमन गरी नौवटा राज्यपक्ष राष्ट्रहरुमा बारुदी सुरुङबाट व्यापक रुपले दुषित रहेको (अनुगमन प्रतिवेदनले परिभाषित गरे अनुसार १०० बर्ग किलो मिटर भन्दा बढी) प्रतिवेदन पाईएकोछ ।

कम्तिमा ईथियोपिया र यूक्रेन दुई मुलुकमा दुषित क्षेत्रको तह सर्बेक्षण पछि अनुमान भन्दा कम मात्रामा रहने संकेत रहेको छ ।

## ल्कियरेन्स

राज्यपक्षहरुले १४६ बर्ग किलोमिटर जमिन दुषित जमिन ल्कियरेन्स गरेको र सन् २०२० मा १ लाख ३५ हजार ५०० भन्दा बढी मानव विरुद्ध लक्षित बारुदी सुरुङहरु नष्ट गरेको प्रतिवेदन दिएकाछन् । तुलना गर्दा सन् २०१९ मा १५६ वर्ग किलोमिटर ल्कियरेन्स गरेको र १ लाख २२ हजार माईनस् नष्ट गरेको थियो ।

कम्बोडिया र क्रोएशियाले सन् २०२० मा माईन क्षेत्रहरु ल्कियरेन्स गरेको प्रतिवेदन दिएकाछन्, त्यसमध्ये दुबै राष्ट्रले ४५ वर्ग किलोमिटर भन्दा बढी जमिन ल्कियरेन्स गरेकोछ र कूल १५ हजार भन्दा बढी मानव लक्षित बारुदी सुरुङ नष्ट गरेकाछन् ।

चिली र संयुक्त राज्य (यूके) ले सन् २०२० मा आफ्ना देशहरुमा माईन क्षेत्र नष्ट गरिसकेको घोषणा गरेकाछन् । अर्जेन्टिना भने फोकलायण्ड टापु र आईलास मालभिनास माथिको सम्प्रभुताको दाबीका कारण माईन प्रभावित बनेकोछ र क्लियरेन्स सम्पन्न गरेको प्रतिवेदन दिएको छैन ।

सन् २०२० मा अफगानिस्तान, ईराक र यमन सवैले व्दन्द र अशुरक्षाका बाबजुद बारुदी सुरुङ ल्कियरेन्स गर्ने कामलाई निरन्तरता दिएका छन् ।

साईप्रस, ईक्वेडर, मौरिटानिया, पेरु र सेनेगल गरी पाँच राज्यपक्षहरुले सन् २०२० मा कुनै पनि क्षेत्र क्लियरेन्स  नभएको प्रतिवेदन दिएकाछन् ।

कोभिड १९ को चुनौतीको कारणले अंगोला, चाड, ईथियोपिया, सर्बिया, दक्षिण सुदान र जिम्बाबे लगायत धेरै राज्यपक्ष मुलुकहरुमा अस्थायी रुपमा क्लियरेन्स  कामलाई स्थगित गरिएकोछ ।

सन् २०२१ अक्टोबर अघिको सूचना अनुसार धारा ५ अन्तर्गतको प्रावधानलाई चौबिस राज्यपक्षहरुले  सन् २०२५ अघि वा सो सम्ममा सकाउनु पर्ने समयसीमा रहेको छ, यस बाहेक सातवटा राज्यपक्षहरुका समयसीमा सन् २०२५ पछि सम्म कायम भएकोछ ।

साईप्रस, कंगो लोकतान्त्रिक गणतन्त्र, गिनीबिसाउ, मौरीतानिया, नाईजेरिया, सोमालिया र टर्की गरी सातवटा राष्ट्रहरुले समयसीमा बढाउन निवेदन दिएकाछन् । यस निवेदनलाई १९ औं राज्यपक्षहरुको बैठकमा पेश गरी छलफल गरिने भएकोछ । यी निवेदन मध्ये केहिको खर्च योजना र बार्षिक रुपको क्लियरेन्स  र अनुसन्धान सहितको बहुबर्षिय योजनाको अभाव रहेकोछ ।

ईरिट्रियले क्लियरेन्स को लागि समय थप्न निवेदन पठाउने अपेक्षा गरिए पनि हालसम्म गरिसकेको छैन र धारा ५ बमोजिम क्लियरेन्स  गर्ने समयसीमा सन् २०२० डिसेम्बरमा सकिएको हुँदा सो राष्ट्रले सन्धीको उलंघन गरेको छ ।

केबल क्रोएशिया, ओमन, पालिस्ताईन, दक्षिण सुदान, श्रीलंका, ताजिकिस्तान, थाईलायण्ड र जिम्बाबेले लक्षित गरेका समयसीमा भित्र क्लियरेन्स  गरी सक्ने संकेत देखाएकाछन् । क्लियरेन्सको समयसीमा भएका अन्य १६ राज्यपक्षहरुको सन्दर्भमा जमिन हस्तान्तरणको काम लक्ष्य भन्दा पछि परेका हुन् या प्रगतिमा अनिश्चितता देखिएकोछ ।

## जोखिम शिक्षा

सन् २०२० मा २६ राष्ट्रहरुले मानवलक्षित बारुदी सुरुङ प्रभावित क्षेत्रहरुमा जनताहरुलाई जोखिम शिक्षा संचालन गरेको जानकारी भएकोछ ।

पन्ध्रवटा राज्यपक्षहरुसंग जोखिम शिक्षा संचालनको लागि संयन्त्र रहेको थियो, यी संयन्त्र खास प्राविधिक कार्य समूह मार्फत वा संयुक्त राष्ट्र संघको माईन एक्सन उप समूहको बैठकहरुबाट समाबेश गरिएका थिए ।

सन् २०२१ क्लियरेन्सको समयसीमा बढाउन निवेदन दिएका कुनै पनि राज्यपक्षहरुले जोखिम शिक्षाको बिषयमा लागत र विस्तृत बहुबर्षिय योजना पेश गरेका छैनन् ।

कोभिड १९ महामारीले निम्ताएका भौतिक दूरी र सामाजिक कृयाकलापमा अरु बन्देजहरुका कारणबाट प्रभावित समुदायमा पुग्ने र व्यवहार परिवर्तन गर्ने, आमने सामनेका शेसनहरुलाई सीमित पारेकाले जोखिम शिक्षालाई प्रभावित पारेको छ ।

राज्यपक्ष र संचालकहरुले परिवर्तित स्थिति अनुसार मास मिडिया, मोबाईन फोन एप, सामाजिक संजाल जस्ता अनलाईन माध्यमहरुव्दारा जोखिम शिक्षा लागू गर्ने र विस्तार गर्ने गरेकाछन् । जोखिम शिक्षा समूहले गर्न नसकेको बेला सामुदायीक स्वयंसेवकहरुका स्थानिय संजालहरुले पनि सुरक्षा सूचनाहरु दिनमा निरन्तरता दिएकोछ ।

## पीडित सहायता

तलका निश्कर्षहरु उल्लेख्यनिय संख्यामा माईन पीडितहरु भएका ३४ वटा राज्यपक्षहरुसंग सम्वन्धित छ ।

सन् २०२० मा यसअघि पीडित सहायतामा सबैभन्दा बढी सहयोग पाएका स्वास्थ्य र पुनस्थार्पनाका गतिविधिहरुमा धेरै राष्ट्रहरुमा पहुँच, सेवाको संयोजन र सामाग्रीहरुको वितरणमा धैरै नयाँ चुनौतीहरु देखा परेकाछन् ।

३४ राज्यपक्षहरुमध्ये १४ को मात्रै पीडित सहायता वा आवश्यकता र अन्तरालको सम्बोधन गर्ने अपांगता सम्वन्धि योजनाहरु रहेका छन् । कम्तिमा १० राज्यपक्ष राष्ट्रहरुले पीडित सहायतालाई लागू गर्ने सम्वन्धमा राष्ट्रिय अपांगता रणनीतिको मस्यौदा परिमार्जन वा ग्रहण गर्नु बाँकी रहेको छ ।

कम्तिमा २२ वटा राज्यपक्षहरुसंग सक्रिय संयोजन संयन्त्र रहेको थियो, जसमा संयोजन प्रकृयामा पीडितहरुको सहभागिता दुई तिहाई राष्ट्रहरुमा रहेको थियो । तथापि उनीहरु आफ्नो सुझावहरुमा बिचार बिमर्श गर्ने वा कृयाशिल भएका प्रमाणहरु थोरै मात्र रहेकाछन् ।

जनजीविकाका अवसर अत्यन्तै आवश्यक रहेका धेरैवटा राज्यपक्षहरुमा अझै पनि पीडितहरु र अरु अपांगता भएका व्यक्तिहरुको आर्थिक पहुँचमा उल्लेखनिय अभाव रहिआएको छ ।

सशस्त्र व्दन्द, मानवीय आपतकाल र प्राकृतिक बिपत्ति लगायतका जोखिमको अवस्थामा रहेका पीडितहरुको सुरक्षाको प्रतिवद्धतालाई ओस्लो कार्ययोजनामा समाबेश गरिएको छ । खासगरी कोभिड १९ महामारीको सन्दर्भमा यस किसिमको सहायतालाई थपिएका बन्देजहरु बाबजुद निरन्तरता दिन अत्यन्त आवश्यक रहेकोछ ।

**माईन एक्सनमा सहायता**

दाता तथा प्रभावित राष्ट्रहरुले माईन एक्सनमा अन्तराष्ट्रिय र राष्ट्रिय गरी कूल ६४ करोड ३५ लाख (६४३.५ मिलियन) अमेरिकी डलर सहायता गरेकोछ ।

सन् २०२० मा दाताहरुले माईन एक्सनमा अन्तराष्ट्यि सहायता अमेरिकी डलर ५६ करोड ५२ लाख (५६५.२ मिलियन) मा सीमित रहन पुग्यो, जबकि सन् २०१९ मा ५६ करोड १३ लाख (५६१.३ मिलियन) अमेरिकी डलर थियो ।

अधिकांश सहयोग केहि थोरै दाताहरुबाट प्राप्त भएको छ । पहिलो पाँच दाताहरुमा अमेरिका, यूरोपियन यूनियन, जर्मनी, जापान र नर्वे रहेका छन्, जसले सन् २०२० को कूल अन्तराष्ट्रिय सहयोगको ७५ प्रतिशत  (४२ करोड ६१ लाख, ४२६.१ मिलियन डलर) प्रदान गरेका छन् ।

सहयोग ग्रहण गर्ने उच्च पाँच मुलुकहरुमा ईराक, लाओस, अफगानिस्तान, कोलोम्बिया र क्रोएशिया पर्दछन्, यसमा कूल २५ करोड २८ लाख (२५२.८ मिलियन) अमेरिकी डलरले अन्तराष्ट्रिय सहयोगको ४५ प्रतिशत ओगटेको छ ।

अन्तराष्ट्रिय सहयोगलाई निम्न क्षेत्रहरुमा वितरण गरिएकोछ, ल्कियरेन्स  र जोखिम शिक्षा (६८ प्रतिशत), पीडित सहायता (६ प्रतिशत), क्षमता अभिबृद्धि (४ प्रतिशत), र वकालत (१ प्रतिशत)। बाँकी २१ प्रतिशत अनुदानमा दाताहरुले कि त रकम नछुट्याईएको वा नखुलाईएको थियो ।

सन् २०२० मा कोभिड १९ महामारीको कारणले सम्भव भएसम्म कार्यलाई निरन्तरता दिने सुनिश्चितता गर्न दाताहरुमा लचकता र उत्तरदायीत्व बढेको छ ।

सन् २०२० मा अंगोला, बोस्निया हर्जगोविना, कम्बोडिया, कोलम्बिया, क्रोएशिया, लाओस, लेबनान, नाईजर, पेरु, सर्विया, सुडान, ताजिकिस्तान, थाईलायण्ड र टर्कि गरी १४ प्रभावित राष्ट्रहरुले आप्mनै राष्ट्यि माईन एक्सन कार्यक्रमका लागि कूल ७ करोड ८३ लाख (७८.३ मिलियन) अमेरिकी डलर प्रदान गरेको मनिटरले पत्ता लगाएकोछ ।